**बटेश्वर गाउँपालिका धनुषाद्धारा प्रकाशित**

**स्थानीय राजपत्र**

**खण्डः२** **संख्याः१** **.मिति २०८२/०९/३०**

## भाग-२

## बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिम को कार्यबिधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८२ सालको कार्यबिधि नं.१
### प्लसटु उत्तीर्ण किशोरीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना :** बटेश्वर गाउँपालिकाका छोरी/किशोरीहरूलाई उच्च शिक्षा अध्ययन गर्न अभिप्रेरित गर्दै उनीहरूको शैक्षिक योग्यतामा वृद्धि तथा सामाजिक सशक्तीकरण गर्न र बालविवाह (२० वर्ष पूरा नभएको उमेरमा गरिने विवाह)लाई निरुत्साहित गरी 'सक्षम, शिक्षित र आत्मनिर्भर भएपछि मात्र विवाह' गर्ने संस्कृतिको प्रवर्द्धन गर्न वाञ्छनीय भएकाले प्लसटु तह कक्षा १२ उत्तीर्ण गरी २० वर्षको उमेरपछि मात्र विवाह गर्ने/गरेका गाउँपालिकाका किशोरीहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी जारी गरेको छ।

परिच्छेद–१ :
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "प्लस टु उत्तीर्ण किशोरी प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ। (२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यक्रम" भन्नाले प्लसटु उत्तीर्ण किशोरी प्रोत्साहन कार्यक्रम सम्झनु पर्छ।

(ख) "प्लस टु उत्तीर्ण" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट प्लस टु कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको सम्झनु पर्छ।

(ग) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम योग्यता पुगेका गाउँपालिकाभित्रका किशोरीलाई सम्झनु पर्छ।

(घ) यस कार्यविधिको प्रयोजनका लागि "किशोरी" भन्नाले बटेश्वर गाउँपालिकामा स्थायी रुपमा बसोबास गर्ने २० वर्ष उमेर पार भएका किशोरी/बालिका/छोरीहरुलाई जनाउनेछ।

परिच्छेद–२ :

कार्यान्वयन तथा व्यवस्थापन संयन्त्र

३. कार्यक्रम निर्देशक समिति : यस कार्यक्रमलाई नीतिगत निर्देशन दिन देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ख) सम्वन्धित वडाको अध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य-सचिव

४. कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

- कार्यक्रमलाई नियमितता दिन वार्षिक रुपमा आवश्यक बजेटको सुनिश्चितता गर्ने
- कार्यक्रम सञ्चालनका लागि आवश्यकताअनुसार नीतिगत निर्णयहरु गर्ने
- कार्यक्रम सञ्चालनका क्रममा आउने बाधा अड्चन फुकाउन आवश्यक सहजीकरण गर्ने
- कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन, मूल्याङ्कन गर्ने

५. कार्यक्रम कार्यान्वयन तथा छनौट समिति : प्राप्त निवेदनहरूको छानबिन गरी लाभग्राही छनौट गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) शिक्षा शाखा प्रमुख - संयोजक

(ख) योजना शाखा प्रमुख - सदस्य

(ग) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

६. कार्यक्रम कार्यान्वयन तथा छनौट समितिका काम, कर्तव्य देहायबमोजिम हुनेछन्-

कार्यक्रम कार्यान्वयन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

(क) सूचना तथा प्रचारप्रसार : प्लस टु उत्तीर्ण किशोरी प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रदान गरिने प्रोत्साहन रकमका सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गर्ने तथा कार्यक्रमको उद्देश्य, योग्यता र आवेदन प्रक्रियाका बारेमा गाउँपालिकाभरि प्रचार-प्रसार गर्ने/गराउने।

(ख) निवेदन दर्ता एवम् अभिलेखीकरण : तोकिएको म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका निवेदन र संलग्न कागजातहरूलाई दर्ता गरी सोको व्यवस्थित विद्युतीय वा भौतिक अभिलेख राख्ने।

(ग) योग्यता तथा मापदण्ड परीक्षण : निवेदकले प्लसटु तह उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको आधिकारिकता र विवाहको मिति (प्लसटु कक्षा १२ उत्तीर्ण गरेपश्चात् मात्र विवाह भएको वा अविवाहित रहेको) तथ्यको वडा कार्यालयको सिफारिशबाट यकिन गर्ने।

(घ) लाभग्राही छनौट तथा सिफारिस : निवेदन, संलग्न प्रमाण तथा सम्बन्धित वडा कार्यालयको सिफारिशका आधारमा तोकिएको मापदण्ड पूरा गरेका योग्य निवेदकहरूको अन्तिम नामावली तयार गरी कार्यक्रम कार्यान्वयन तथा छनौट समितिबाट स्वीकृत गर्ने र प्रोत्साहन रकम भुक्तानीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने।

(ङ) अभिलेख तथा प्रतिवेदन : प्रोत्साहन प्राप्त गर्ने लाभग्राहीहरूको पूर्ण विवरणसहितको रोष्टर/अभिलेख अद्यावधिक राख्ने र कार्यक्रमको प्रगति विवरण निर्देशक समितिसमक्ष वार्षिक रूपमा पेश गर्ने।

(च) अनुगमन र समीक्षा : कार्यक्रमको प्रभावकारिता, कार्यान्वयनको गति र लक्ष्य प्राप्तिको अवस्थाबारे आवश्यक अनुगमन गर्ने र देखिएका समस्या समाधानका लागि निर्देशक समितिलाई सुझाव वा सिफारिस पेश गर्ने।

## परिच्छेद-३ :
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

७. यस कार्यविधिको प्रभावकारी कार्यान्वयन तथा प्रोत्साहन रकम वितरणका लागि प्रोत्साहन रकम वितरणमा निम्नानुसारका प्रक्रियागत चरणहरू अनुसरण गरिनेछ :

| चरण | प्रक्रियागत काम | जिम्मेवार निकाय |
|---|---|---|
| १. प्रचारप्रसार र सूचना आह्वान | (क) समयावधि: हरेक आर्थिक वर्ष साउन महिनामा ३५ दिनको म्याद राखी प्रोत्साहन रकमका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने । | कार्यक्रम कार्यान्वयन तथा छनौट समिति |

| चरण | प्रक्रियागत काम | जिम्मेवार निकाय |
|---|---|---|
| | (ख) स्थानीय सञ्चार माध्यम, वडा कार्यालय र वेबसाइटमार्फत् लक्षित वर्गमा प्रचार-प्रसार गर्ने । | |
| २. आवेदन संकलन र प्रारम्भिक दर्ता | (क) निवेदकले अनुसूची-१ बमोजिम आवश्यक कागजात सहित सम्बन्धित वडाको सिफारिस सहितको निवेदन महिला/बालबालिका शाखामा पेश गर्ने ।<br>(ख) शाखाले आवेदनको दर्ता मिति र संलग्न कागजातहरूको रुजुसूची (check list) अनुरुपको कागजपत्र रुजु गरी प्रारम्भिक दर्ता अभिलेख तयार पार्ने। | महिला तथा बालबालिका शाखा |
| ३. कागजात छानबिन र प्रमाणीकरण | (क) शैक्षिक योग्यता: प्लसटु तहको प्रमाणपत्र र जारी मितिको आधिकारिकता (प्लसटु उत्तीर्णको प्रमाण, उत्तीर्ण मिति) यकिन गर्ने।<br>(ख) वैवाहिक अवस्थाको प्रमाणीकरण: वडाको सिफारिस र विवाह दर्ता मितिको जाँच गरी विवाह अनिवार्य रूपमा प्लसटु उत्तीर्णपछि भएको यकिन गर्ने ।<br>(ग) अविवाहिता भए पनि सो कुराको सुनिश्चित गर्ने । | कार्यक्रम कार्यान्वयन तथा छनौट समिति |
| ४. लाभग्राही छनौट र सिफारिस | (क) सबै मापदण्ड पूरा भएका निवेदकहरूबाट स्वीकृत निवेदनहरुको सूची तयार गर्ने ।<br>(ख) सबै मापदण्ड पूरा भएका निवेदकहरूको सूचीलाई प्रोत्साहनका लागि सिफारिश गर्ने<br>(ग) सिफारिश भएका नामावली सार्वजनिक जानकारीका लागि गाउँपालिकाको सूचना पाटी तथा वेभसाइटमा प्रकाशन गर्ने<br>(घ) आवश्यक भुक्तानीका लागि सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । | कार्यक्रम कार्यान्वयन तथा छनौट समिति |
| ५. भुक्तानी स्वीकृति र निकासा | (क) प्रमुख प्रशासकीय अधिकृतले समितिको निर्णय र सिफारिस अध्ययन गरी भुक्तानीका लागि स्वीकृति दिने।<br>(ख) लेखा शाखाले भुक्तानी स्वीकृतिको आधारमा प्रोत्साहन रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा प्रत्यक्ष जम्मा गर्ने ।<br>(ग) भुक्तानीपश्चात् त्यसको भरपाई लेखा शाखामा नै राख्ने | प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा |
| ६. अभिलेख र वार्षिक अनुगमन | (क) प्रोत्साहन रकम प्राप्त गर्नेहरूको अद्यावधिक रोष्टर (रजिस्टर) तयार पार्ने ।<br>(ख) निर्देशक समिति (दफा ३) लाई कार्यक्रमको प्रगति र सामाजिक प्रभावबारे वार्षिक प्रतिवेदन पेश गर्ने । | महिला तथा बालबालिका शाखा |

| चरण | प्रक्रियागत काम | जिम्मेवार निकाय |
|---|---|---|
| | (ग) यो कार्यक्रमले बालविवाह न्यूनीकरणमा पारेको प्रभाव तथा शैक्षिक अभिवृद्धिमा खेलेको भूमिकाबारे नियमित मूल्याङ्कन गर्ने। | |

परिच्छेद - ४ :

योग्यता र मापदण्ड

८. आवश्यक योग्यता : प्रोत्साहन रकम प्राप्त गर्न निवेदकले देहायका शर्तहरू पूरा गरेको हुनुपर्नेछ :

(क) निवेदक बटेश्वर गाउँपालिकाको स्थायी बासिन्दा छोरी (किशोरी) हुनुपर्नेछ।

(ख) नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट प्लस टु तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ग) प्लसटु तह उत्तीर्ण गरेपश्चात् मात्र विवाह गरेको वा अविवाहित रहेको हुनुपर्नेछ।

(घ) विवाह भइसकेको हकमा, विवाह दर्ता प्रमाण पत्रमा उल्लेखित विवाह भएको मिति शैक्षिक योग्यताको प्रमाणपत्र (Transcript) जारी भएको मिति भन्दा पछि हुनुपर्नेछ।

(ङ) अयोग्यता : देहायको अवस्थामा प्रोत्साहन रकम उपलब्ध गराइने छैन : (क) प्लसटु तह उत्तीर्ण गर्नु अगावै विवाह भइसकेको भएमा। (ख) प्लसटु तह उत्तीर्ण गर्न बाँकी रहेको वा प्लसटु उत्तीर्ण नभएको भएमा (ग) बटेश्वर गाउँपालिकाको स्थायी नागरिक नभएमा। (घ) झुटा विवरण पेश गरेमा

परिच्छेद - ५ :

प्रचार-प्रसार तथा आवेदन प्रक्रिया

९. सूचना तथा प्रचार-प्रसार : सम्बन्धित सबै घरपरिवारलाई जानकारी गराई लक्ष्यित किशोरीहरुबाट वार्षिक रुपमा आवेदन आह्वान गर्न कार्यक्रम कार्यान्वयन तथा छनोट समितिले देहायअनुसार प्रचार प्रसार गर्नेछ-

(क) कार्यान्वयन समितिले हरेक आर्थिक वर्षको साउनमा ३५ (पैंतीस) दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।

(ख) सूचना गाउँपालिकाको वेबसाइट, सूचना पाटी, वडा कार्यालयहरू र स्थानीय सञ्चार माध्यमबाट प्रचार-प्रसार गरिनेछ।

(ग) वडा कार्यालयहरूले आफ्नो वडाभित्रका सम्भावित योग्य किशोरीहरूको लगत संकलन गरी सम्बन्धित किशोरीहरुलाई आवेदनका लागि प्रोत्साहित गर्नेछ।

(घ) प्रचार-प्रसारमा दफा ८ बमोजिम आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुको बारेमा जानकारी गराउनु पर्नेछ।

१०. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरू : अनुसूची-१ बमोजिमको निवेदन साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ :

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) प्लसटु तह कक्षा १२ उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि।

(ग) सम्बन्धित वडा कार्यालयबाट 'स्थायी बसोबास र वैवाहिक अवस्थाको सिफारिस (अनुसूची-२)।

(घ) विवाह भइसकेको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि (विवाह मिति पुष्टि गर्न)। (ङ) निवेदकको बैंक खाताको चेकको प्रतिलिपि।

(च) पासपोर्ट साइजको फोटो

परिच्छेद – ६ :

छनौट तथा प्रोत्साहन वितरण विधि

११. प्रोत्साहन रकमको लाभान्वित छनौट प्रक्रिया देहायअनुसार हुनेछ :

(क) म्यादभित्र प्राप्त निवेदनहरू महिला, बालबालिका शाखामा दर्ता गरिनेछ।

(ख) कार्यान्वयन समितिले शैक्षिक प्रमाणपत्रको आधिकारिकता र विवाहको मिति (प्लसटु अघि वा पछि) यकिन गर्न आवेदनसाथ सङ्लग्न कागजात अध्ययन गर्नेछ तथा आवेदकसँग आवश्यक सोधपुछ गर्नेछ।

(ग) रितपूर्वक ठहरेका निवेदकहरूको नामावली तयार गरी समितिले निर्णय गरी स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ।

१२. प्रोत्साहन रकम र वितरण विधि देहायअनुसार हुनेछ :

(क) छनौट भएका लाभग्राहीलाई जनही रु. २००००। (अक्षरेपि रु. बीस हजार मात्र) प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

(ग) उक्त रकम निवेदकको बैंक खातामा "एकाउन्टपेयी चेक" वा "विद्युतीय माध्यम" मार्फत् भुक्तानी गरिनेछ।

(घ) गाउँपालिकाले विशेष समारोह आयोजना गरी (जस्तै : गाउँसभा, नारी दिवस वा शिक्षा दिवसको दिन) 'सम्मान पत्र' सहित चेक हस्तान्तरण गर्न सक्नेछ।

परिच्छेद – ७ :

विविध

१३. अभिलेख व्यवस्थापन : गाउँपालिकाले "बटेश्वरका प्रोत्साहित छोरीहरू"शीर्षकमा रोष्टर/अभिलेख राख्नेछ, जसमा प्रोत्साहन प्राप्त गर्नेहरूको नाम, ठेगाना (वडा नं., टोल), जन्ममिति, वैवाहिक अवस्था, शैक्षिक योग्यता, बाबुको नाम, प्रोत्साहन प्राप्त गरेको वर्ष लगायतको विवरण उल्लेख हुनेछ।

१४. कार्यविधि संशोधन : यो कार्यविधिको कार्यान्वयनमा कुनै कठिनाइ आएको अवस्थामा कार्यान्वयन समितिको अनुरोध र निर्देशक समितिको प्रस्तावमा कार्यपालिकाले संशोधन गर्न गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

१५. कार्यक्रम कार्यान्वयन अवधि : गाउँपालिकाको आर्थिक वर्षको बजेट व्यवस्था रहँदासम्म यो कार्यक्रम लागू हुनेछ।

अनुसूची - १

(दफा ७ "क" सँग सम्बन्धित)

प्रोत्साहन रकम पाऊँ भन्ने निवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू,

बटेश्वर गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, धनुषा।

विषय : प्लसटु उत्तीर्ण छोरी प्रोत्साहन रकम पाऊँ।

महोदय,

म निवेदक यस गाउँपालिकाको वडा नं. ...... को स्थायी बासिन्दा हुँ । मैले मिति .................. मा ...................................... विश्वविद्यालय अन्तर्गत ...................................... क्याम्पसबाट प्लसटु तह उत्तीर्ण गरेकी छु । मेरो विवाह प्लसटु उत्तीर्ण गरेपछि मिति ................................. मा भएको/हालसम्म अविवाहित रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। यस गाउँपालिकाले सञ्चालन गरेको "प्लसटु उत्तीर्ण छोरी प्रोत्साहन कार्यक्रम" मा सहभागी हुन यो निवेदन पेश गरेकी छु। संलग्न विवरण सत्य र ठीक छ, झुटा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदकको विवरण :

- हस्ताक्षर :
- नाम, थर : ...................................................
- ठेगाना : ......................................................
- बाबु/आमाको नाम : .......................................
- प्लसटु उत्तीर्ण गरेको वर्ष : ..............................
- सम्पर्क नं. : .................................................

संलग्न गर्नुपर्ने कागजात :

- नेपाली नागरिकताको प्रमाणपत्र
- शैक्षिक योग्यताको प्रमाणपत्र
- वडा कार्यालयको सिफारिश
- विवाह दर्ताको प्रमाणपत्र (आवश्यकताअनुसार)

अनुसूची–२
(दफा ८(ग) सँग सम्बन्धित)

बटेश्वर गाउँपालिका, वडा नं. _______

विषय : स्थायी बसोबास र वैवाहिक अवस्थाको सिफारिस पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर ।

विषय : प्लसटु उत्तीर्ण छोरी प्रोत्साहन रकमको लागि सिफारिस।

महोदय,
यस वडा कार्यालयले निम्न विवरण भएकी निवेदिकाको बारेमा तथ्याङ्कको आधारमा जानकारी दिदै यो सिफारिस पेश गर्दछौं:

१. निवेदकको विवरण:
नाम, थर : ______________________________
बाबुको नाम : ______________________ आमाको नाम : ______________________
जन्म मिति (बि.सं.) : ______________________ नागरिकता नं./जारी स्थान : ________________
वडा नं. _______, बटेश्वर गाउँपालिका, धनुषामा स्थायी बसोबास रहेको/रहेकी।

२. वैवाहिक अवस्था: (सही ठाउँमा ☑ को निशान लगाउनुहोस्)

☐ अविवाहित: हालसम्म कुनै विवाह दर्ता भएको छैन।

☐ विवाहित: विवाह दर्ता भएको छ।
विवाह दर्ता मिति (बि.सं.) : ______________________
विवाह दर्ता कार्यालय (नाम र स्थान) : ______________________________

नोट: यदि विवाहित छन् भने, विवाह दर्ता मिति प्लसटु उत्तीर्णको मिति (Transcript को जारी मिति) भन्दा पछि हो कि होइन? [ ] हो / [ ] होइन

३. वडा कार्यालयको सिफारिस: माथि दिइएका विवरणहरू सही भएकोले, उक्त निवेदिकालाई "प्लसटु उत्तीर्ण छोरी प्रोत्साहन कार्यक्रम" अन्तर्गत विचार गर्न सिफारिस गर्दछौं ।

वडा अध्यक्ष हस्ताक्षर : ______________________

गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८२।०९।२९ गते

प्रमाणीकरण मितिः२०८२।०९।३०

**आज्ञाले,**
**रेवती प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

बटेश्वर गाउँपालिकाद्धारा प्रकाशित मुल्य रु.१०/-